# निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाद्धारा बांके जिल्लाको नेपालगञ्जमा ग्राहक सदस्यहरुको लागि उद्यमशीलता विकास तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले आफ्ना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ माघ १३ गतेदेखि १५ गतेसम्म बांके जिल्लाको नेपालगञ्ज मा **"उद्यमशीलता विकास तालिम"**सम्पन्न गरेको छ । उदयपुर शाखाका २४ जना ग्राहक सदस्यहरुको सहभागितामा उद्यमशीलता विकास तालिम सम्पन्न गरेको संस्थाका उदयपुर शाखा कार्यालयका शाखा प्रमुख श्री राम उग्रह चौधरीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरुमा संस्थाको क्षेत्रिय कार्यालयका बरिष्ठ व्यवस्थापक श्री जीताराम गौतम र क्षेत्रिय कार्यालयका कार्यालयका कार्यक्रम अधिकृत श्री नवराज जोशी शाखा कार्यालयका श्री राम उग्रह चौधरी रहेका थिए ।

यस तालिममा ग्राहक सदस्यहरुले आयआर्जन, स्वरोजगार र व्यवसाय बीच भिन्नता, आत्म विश्लेषण, सफल उद्यमीका विशेषताहरु, बाख्रापालन तथा भैंसीपालन सम्बन्धी भिडियो, वित्तीय साक्षरता सम्बन्धी भिडियो, व्यवसाय छनौट, प्रारम्भिक छनौट प्रक्रिया, वृहद छनौट, सुक्ष्म छनौट प्रक्रिया, सफल उद्यमीको अनुभव, नमूना स्किमहरु, विभिन्न प्रविधि सम्बन्धी भिडियोहरु, संस्थाको सेवाहरु, व्यवसायिक योजना, व्यवसायिक योजना बनाउँदा ध्यान दिनु पर्ने कुराहरु, बजार, बजारिकरण, बजार सञ्जालको महत्व बारेमा सहभागीहरुले जानकारी लिएको कोहलपुर क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत गौतमले जानकारी गराएका थिए ।

तालिमको समापन सत्रमा सहभागीहरुको तर्फबाट श्री खेमनाथ अधिकारी, श्रीमती कमला पौडेल र श्रीमती तलत प्रबीन खानले तालिमको मूल्याकंन गरेका थिए । यस उद्यमशीलता विकास तालिमका फाइदाजनक तालिममा रहेको ग्राहक सदस्यहरुले बताएका थिए । संस्थाले विभिन्न किसिमका तालिमहरु प्रदान गर्दै आफनो ग्राहक सदस्यहरुको आर्थिक विकास, सामाजिक विकास गर्दै आएकोमा सहभागीहरुले खुशी व्यक्त गरेका थिए । समापन सत्रमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखाका सहायक श्री गुलसन ओखेडा, लेखापाल इन्दिरा ज्ञवाली, शाखा प्रमुख श्री राम उग्रह चौधरी, कार्यक्रम अधिकृत श्री नवराज जोशी र क्षेत्रिय कार्यालय कोहलपुरका प्रमुख श्री जीताराम गौतमले मन्तव्य दिएका थिए ।

कार्यक्रम अधिकृत श्री नवराज जोशीले एक परिवारमा एकजना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको बताएको थिए । संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिइरहेको यस संस्थाबाट कर्जा लिइ व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका कोहलपुर कार्यालयका प्रमुख श्री जिताराम गौतमले बताएका थिए ।

**निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड देशको ७ वटै प्रदेशका ७७ वटै जिल्लाहरुमा शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याइ रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई बिना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामुलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौद्धिक विकास गर्दै आईरहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम, उद्यमशीलता विकास तालिम, वित्तीय साक्षरता विकास तालिम, ब्यवसाय विकास तालिम कार्यक्रम प्रदान गर्दै आइ रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आइरहेको छ ।**संस्थाले २०७५ पौष मसान्त सम्ममा ३ लाख ३८ हजार २०० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ पौष मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ९ करोड १७ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब ६८ करोड ७४ लाख बचत परिचालन गरेको छ । संस्थाका ग्राहक सदस्यहरुलाई व्यवसायिक रुपमा व्यवसाय गर्न थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराइएको संस्थाका उदयपुर शाखाका प्रमुख श्री राम उग्रह चौधरीले जानकारी गराएका थिए ।